# काठमाडौं घोषणा

# २०६८

# काठमाडौं महानगरपालिका

२०६८ साल असार २६ गते

काठमाडौं घोषणा २०६८

(क) शहरी सुशासन

१. सेवाग्राही मैत्री कार्यालयको व्यवस्था गरिने छ ।

२. कामपाले कार्य पद्दतिमा सुधार गरी सरल, सहज र प्रभावकारी सेवाप्रणालीको विकास गरिनेछ ।

३. कामपाले महानगरपालिकामा कार्यरत कर्मचारीहरुको तालिम, क्षमता र मानव विकासमा जोड दिइनेछ ।

४. शहरी विकास र व्यवस्थापन सम्बन्धी विषयमा नियमित अध्ययन, अनुसन्धान गर्न कामपाले उपर्युक्त संस्थागत व्यवस्था गरिने छ ।

५. कामपाले विद्यूतीय सूशासनयुक्त शहरी व्यवस्थापन प्रणाली अवलम्बन गरिनेछ । यसका लागि सुचनाप्रणालीको विकास गरिनेछ । वार्षिक बजेटको कम्तिमा १ प्रतिशत रकम विनियोजन गरिनेछ ।

६. शहरी विकास र व्यवस्थापन सम्बन्धी विषयलाई विद्यालय तहदेखि नै पाठ्यक्रममा समावेश गरी पठनपाठन गर्ने व्यवस्था मिलाउन सम्बन्धित निकायसँग सहकार्य गरिने छ ।

७. शहरी विकास र व्यवस्थापन सम्बद्ध निकायहरुबीचको भुमिका प्रभावकारिताको लागि समन्वयात्मक संयन्त्रको निर्माण गरी यसको प्रभावकारी ढंगले कार्यान्वयन गरिने छ ।

८. काठमाडौं महानगरपालिकाभित्र रहेका सम्पदा तथा सम्पदा स्थलहरु, शहरी सौन्दर्य, ट्राफिक व्यवस्थापन, सामाजिक मर्यादा र सूरक्षामा प्रतिकुल असर नपर्ने गरी तत्कालका लागि बाह्रय विज्ञापन (Outdoor Hoarding Board Advertisement) लाई व्यवस्थित गरिने छ ।

(ख) वातावरण व्यवस्थापन

९. फोहरलाई हरेक नागरिकले न्युनिकरण गर्ने सचेतना सञ्चालन गरिनेछ । कामपाले फोहोरलाई श्रोतमा नै वर्गीकरण गरी सोही अनूरुप अन्तिम व्यवस्थापन गर्न पद्दति अवलम्बन गरिनेछ । यसका लागि फोहोरमैला व्यवस्थापन कार्यमा क्रियाशील संगठित निजी क्षेत्र तथा सामूदायिक गैरसरकारी संस्थालाई परिचालन गर्ने नीति लिइनेछ ।

१०. वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापनमा प्रभावकारिता ल्याउन विभिन्न तहमा समुदाय सचेतना अभियान संचालन गरिनेछ ।

११. वातावरण प्रदुषण नियन्त्रण तथा फोहोरमैला व्यवस्थापन कार्यको प्रभावकारी अनूगमन गरी कानून विपरितका क्रियाकलापहरुलाई प्रचलित कानुन बमोजिम दण्ड, जरिवानाको दायरामा ल्याई फोहोरमैला व्यवस्थापन ऐन, २०६८ लाई पुर्ण कार्यान्वयनमा ल्याइनेछ ।

१२. फोहोरमैला व्यवस्थापनलाई सहज, सरल र मितव्ययी गराउन प्रविधिमा आधारित फोहोर व्यवस्थापन प्रणाली अवलम्बन गरिनेछ ।

१३. कामपाले आ.ब.०६८/६९ भित्र वातावरण नीति तर्जूमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

१४. २०६८ श्रावण १ गतेदेखि सार्वजनिक स्थल - कामपा कार्यालय, सरकारी कार्यालय परिसरभित्र कालो प्लाष्टिक पूर्ण प्रतिबन्ध लगाइनेछ र  काठमाडौं महानगरलाई २ वर्षभित्रमा प्लाष्टिक, पोलिथिन झोला मुक्त बनाइनेछ ।

१५. कामपा क्षेत्रभित्र रहेका पार्कहरुको मर्मतसम्भार गरी स्तरोन्नति गर्ने तथा खूला स्थलहरुलाई नयाँ पार्कको विकास गर्ने नीति अवलम्बन गरिनेछ ।

१६. महानगरक्षेत्र भित्रका खूल्ला स्थल नदीकिनारा, नदी उकास, पर्ति तथा सार्वजनिक जग्गामा निजीक्षेत्र, सरकारी गैरसरकारी संस्था, सामुदायिक संस्था समेतको सहभागितामा बृक्षारोपण कार्यक्रम तर्जूमा गरी संचालन गरिनेछ ।

१७. काठमाडौ शहरलाई हरियाली एवं शहरी सौन्दर्यका दृष्टिमा एक विश्वस्तरीय शहरका रुपमा रुपान्तरण गर्न शहरी सौन्दर्य एवं हरियाली प्रवर्द्धन सम्बन्धी पञ्चवर्षिय एकीकृत गूरुयोजना (5th year Integrated Master Plan) तर्जूमा गरी आ.ब.०६९/०७० देखि कार्यान्वयनमा ल्याइनेछ ।

१८. फोहोरमैला व्यवस्थापन ऐन, २०६८ को प्रभावकारी कार्यान्वयनका लागि कामपाले उपर्युक्त रणनीतिक कार्ययोजना तर्जूमा गरी आ.ब. ०६८/६९ देखि प्रभावकारिताको साथ कार्य गरिनेछ ।

१९. महानगरक्षेत्र भएर बग्ने नदीहरुमा स्वच्छ जलप्रवाहको लागि कामपाले अन्य सरकारी, विदेशी दातृनिकाय एवं गैरसरकारी तथा निजी क्षेत्र समेतको सहयोग र सहभागितामा पानी प्रशोधन तथा शुद्धिकरण (Water Treatment System) नीति तर्जूमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

## (ग) पुर्वाधार विकास र व्यवस्थापन

२०. काठमाडौंको यातायात व्यवस्थामा सुधार ल्याउन सार्वजनिक यातायातका ठूला साधन (Mass Public Transportation) हरुलाई उपयोगमा ल्याउन सम्बद्ध सरोकारवालाहरुसंग समन्वय तथा सहकार्यका लागि कामपा.ले संयोजनकारी भुमिका निर्वाह गर्नेछ ।

२१. महानगरपालिकाभित्र संचालित सवारी साधनहरुलाई भरपर्दो, सरक्षित र व्यवस्थित बनाउन तथा यातायात साधनहरुमा विविधता ल्याउन सम्बन्धित सरोकारवालासमेतको सहभागितामा गूरुयोजना तर्जूमा गरी कार्यान्वयन गरिनेछ ।

२२. कामपाले पैदल मार्गलाई पदयात्रीको लागि सहज बनाउन भएका पैदलमार्गहरुको स्तरोन्नति गरी अतिक्रमण नियन्त्रण गर्ने तथा पैदलमार्ग नभए सडकहरुमा पैदलमार्ग निर्माण गर्न सम्बन्धित निकायसँग समन्वय गरी प्राथमिकता साथ कार्यान्वयन गरिनेछ । पैदलयात्रीहरुको सुविधा वृद्धि गरी Right to walk को प्रत्याभूति गरिनेछ ।

२३. महानगरक्षेत्रभित्र सवारी आवागमनलाई सहज बनाई आवागमनमा हुने अवरोध हटाउन Junction Improvement गर्ने, Under Pass-way तथा Access Road निर्माण गर्ने कार्यलाई प्राथमिकता साथ अगाडी बनाइनेछ ।

२४. महानगरक्षेत्रभित्र विद्यमान पार्किङस्थल बहुतलीय भवन (Multi Storied Building) लगायत तथा पार्किङस्थल विकास गर्न आवागमन कार्यक्रम तर्जूमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

२५. महानगरक्षेत्रभित्र High-rise building, Commercial building, Apartment building, मुल सडकहरुसँग जोडिएका जग्गामा बन्ने भवन, संस्थागत तथा सार्वजनिक भवन निर्माणको स्वीकृति दिंदा उक्त भवन परिसरमा अनिवार्य पार्किङ स्थलको व्यवस्था गरिने छ । आ.ब.०६८/६९ को प्रारम्भ देखि उल्लेखित पार्किङ व्यवस्था नगरिएमा भवन निर्माण गर्न स्विकृति दिइने छैन ।

२६. महानगर क्षेत्रभित्र सडक निर्माण गर्दा Edge to Edge Cover पद्दति अवलम्वन गरी धूलोजन्य प्रदुषण (Dust Pollution) घटाउने, सम्भव भएसम्म साइकल मार्ग (Cycile Lane)लाई प्राथमिकता दिई निर्माण गर्दै जाने कार्यलाई प्राथमिकता दिइनेछ ।

२७. महानगर क्षेत्रभित्र भएका सार्वजनिक ढुंगेधारा तथा पोखरीहरुको लगत अद्यावधिक गरी जिर्णोद्धार तथा आधुनिकीकरण गर्ने कार्यक्रम बनाई कार्यान्वयन गरिनेछ ।

२८. काठमाडौ महानगर क्षेत्रभित्र स्वच्छ पिउने पानीको प्रर्याप्त व्यवस्थाको लागि सम्वद्ध निकायसँग समन्वय र सहकार्य गरिनेछ ।

२९. काठमाडौ उपत्यकाभित्रमा जलाधार क्षेत्रहरुको पहिचान गरी संरक्षण गर्ने कार्यमा सम्बन्धित निकायहरुसंग सहकार्य र साझेदारी गरिनेछ ।

(घ) भवन निर्माण र विपत व्यवस्थापन

३०. भवन निर्माण गर्न स्वीकृती दिँदा भवन निर्माण संहिता र भवन निर्माण सम्बन्धी मापदण्डको प्रभावकारी कार्यान्वयन गरिनेछ । यसका लागि भवन निर्माणमा संलग्न भवन निर्माण व्यवसायी, प्राविधिक, डकर्मीहरुलाई आवश्यक तालिम दिइनेछ ।

३१. भवन निर्माण सम्बन्धी मापदण्ड र भवन निर्माण संहितालाई सम्बन्धित निकायसंग समन्वय गरी पुनरावलोकन गरिनेछ ।

३२. कामपा क्षेत्रभित्र निर्माण हुने भवनहरुको नियमित अनुगमन गरी प्रतिवेदन गरी पेश गर्ने र कानुनी कारवाही गर्ने प्रणालीलाई संस्थागत रुपमा प्रभावकारी बनाइनेछ ।

३३. मापदण्ड विपरित बनेका भवनहरुको पहिचान गरी प्रचलित कानून बमोजिम दण्ड र सजायको दायरामा ल्याइनेछ ।

३४. विपत व्यवस्थापनलाई संस्थागत गर्न वडा र समुदायहरुमा जनचेतना, तालिम कार्यक्रम तथा जोखिम व्यवस्थापनको नमूना अभ्यास (Simulation Exercise) नियमित रुपमा संचालन गरिनेछ ।

३५. कामपा. क्षेत्रभित्र पहिचान गरिएका सुरक्षित खुला क्षेत्रको संरक्षण गरि आवश्यक भौतिक पूर्वाधारको व्यवस्था क्रमशः गरिनेछ ।

(ङ) महानगरको श्रोत परिचालन तथा सार्वजनिक-निजी- सहकारी साझेदारी

३६. कामपामा आन्तरिक राजश्वका श्रोतहरुमध्ये बहाल कर, सवारी कर, मनोरञ्जन कर, व्यवसाय कर आदिलाई कर असुलीको दायरा बढाउन प्रभावकारी नीति र कार्यक्रम ल्याई सम्बद्ध निकायको सहयोग अभिवृद्धि परिचालन गरिनेछ । दमकल सेवालाई समय सामयिक ढंगले सुदृढिकरण गरी क्षमता अभिवृद्धि गर्दै लगिनेछ ।

(च) सम्पदा, संरक्षक, पर्यटन र संस्कृति

३७. महानगर क्षेत्रभित्र रहेका मूर्त/ भौतिक र अमूर्त/ अभौतिक सम्पदाहरुको अभिलेख अद्यावधिक गरिनेछ ।

३८. महानगर क्षेत्रभित्र रहेका सम्पदा र सम्पदास्थलहरुको उचित संरक्षणका लागि आवधिक योजना बनाई आ.ब. २०६८।६९ देखि कार्यान्वयन गरिनेछ ।

३९. स्थानीय वासिन्दाको सहभागितामा आधारित सम्पदा संरक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

४०. महानगर क्षेत्रभित्र रहेका कला, संस्कृति र सम्पदा तथा सम्पदास्थलहरुलाई पर्यटकीय गन्तव्य स्थलका रुपमा विकास गरिनेछ ।

४१. पुरातात्विक महत्वका सम्पदास्थलहरुको दृष्य सौन्दर्य (Visua order) कायम राख्न सरोकारवाला संस्थाहरुसँग आवश्यक समन्वय गरी उचित प्रबन्ध गरिन्छ ।

४२. महानगर क्षेत्रभित्रका Heritage walk site सरक्षण गर्दै नयाँ site पहिचान गरि विकास गरिनेछ ।

(छ) सामाजिक सुरक्षा

४३. जुन व्यवसाय संचालनका लागि स्वीकृति प्रदान गरिएको छ, सोह प्रयोजनमा मात्र व्यवसाय संचालन गर्न कडाईका साथ नियमन गरिनेछ ।

४४. सामाजिक सुव्यवस्था कायम गर्न कामपाले सुरक्षा नियकाहरुसँग आवश्यक समन्वय गर्नेछ ।

४५. कार्यमुलक सहकारी, सुचनाको साझेदारी र आपसी विश्वासको आधारमा जनता-प्रहरी साझेदारी (People-Police Partnership) लाई सफल बनाउन कामपाले संयोजनकारी भूमिका निर्वाह गर्नेछ ।

४६. सार्वजनिक स्थलहरुमा धुम्रपान तथा सुर्तीजन्य पदार्थको सेवनलाई पूर्णतः निषेध र दण्डनीय गरिनेछ ।

४७. सामाजिक सदाचारको प्रतिकुल हुने गरि कुनै पेशा, व्यवसाय वा रोजगारी संचालन गर्न रोक लगाइनेछ ।

४८. कामपाले आ.व. ०६८/६९ मा एकीकृत जनस्वास्थ्य नीति तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ ।

४९. खाद्य प्रदुषण नियन्त्रण गने कार्यलाई प्रभावकारी व्यवस्थापन गर्न आवश्यक व्यवस्था मिलाइनेछ ।

५०. स्वस्थ मासु आपूर्तिका लागि काठमाडौं उपत्यकाभित्र व्यवस्थित वधस्थल निर्माण गरिनेछ ।

शहरी प्रकोप

१. कुनैपनि विपतको आपतकालिन अनुपालन (Emergency Response) र द्रूत क्षति मूल्याङ्गन (Rapid Damage Assesment) गर्ने आधार पद्दतिको विकास गर्निछ ।
२. जोखिम न्युनिकरण (Risk Reduction) रणनीति (Strategy) तजुमा गरी कार्यान्वयन गरिनेछ ।
३. उद्धार व्यवस्थापन (Rescue Management) लाई आपतकालिन व्यवस्थापनको रुपमा विकास गरिनेछ ।
४. जोखिमयुक्त स्थानहरुबाट सुरक्षित स्थलको बसोबास गर्ने गराउने, सुरक्षित आवास योजनालाई पालना गर्ने गराउनेछ ।

यातयात व्यवस्थापन

१. अत्याधिक मात्रामा बढि रहेको मोटरसाइकलको संख्यालाई दृष्टिगत गरि यातायात आवागमनमा यसको प्रभावलाई कम गर्ने, संख्यात्मक बन्देजलाई प्रावधानको व्यवस्थाको लागि आवश्यक पहन गरिनेछ ।

खाद्यान्न

१. बजार गर्ने तथा अन्य खाद्य तथा पेय पदार्थमा लगाइने अखाद्य रंग र स्वादको परिक्षण गरि अस्वस्थ मात्रालाई निरुत्साही र कडा कारवाह गरिनेछ ।
२. खाद्य तथा पेय पदार्थमा हुने मिसावट (Adulteration) नियन्त्रण गर्न विद्यमान कानुन र संस्थालाई सुधारका लागि प्रस्ताव गरि निरीक्षण र अनुगमन कार्यलाई प्रभावकारी बनाइनेछ ।
३. मासु व्यवसायीलाई अनुशिक्षण र प्रशिक्षण दिने कार्यमा पहल गरिनेछ ।

शहरीकरण

१. भुउपयोग नीति (Land Use Policy) तर्जुमामा सक्रियता देखाई यथाशिघ्र निर्माण गर्न सम्बन्धित निकायसँग सहकार्य र समन्वय गरिनेछ ।
२. महानगर क्षेत्रभित्रका पुराना भित्री शहरीक्षेत्र (Inner Core Area) वस्तीको पुर्नविकास गर्नका लागि House Policy प्लानिङको तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

संस्कृति

१. संस्कृति नीति निर्माणमा सम्बन्धित निकायहरुसँग समन्वय गरी कामपा क्षेत्रभित्रको साँस्कृतिक, भाषिक लिपीको खोज अनुसन्धान र विकास गर्ने कार्यक्रम संचालन गरिनेछ ।

२. महानगर भित्रका जातीय तथा साँस्कृतिक बाजागाजा, जात्रापर्व, मेला नाचगान, चाडवाड आदिको संरक्षण सम्बर्द्धन, प्रचार प्रसार, पर्यटकीय दृष्टिले लाभप्रद कार्यक्रम बनाई संचालन गरिनेछ ।

कानुन

१. स्थानीय प्रशासन र स्थानीय निकायमा रहेका कानुनी प्रवधान अनुसार अधिकार र काम एकै निकायमा राख्ने व्यवस्थाको लागि पहल गरिनेछ ।

२. काठमाडौं महानगरलाई विशेष कानुनी व्यवस्थाको लागि छुट्टै महानगरपालिका ऐनको व्यवस्थाको लागि पहल गनिेछ ।

रात्री व्यवसाय

१. रात्री व्यवसायलाई सुरक्षित, मर्यादित, सभ्य र समुन्नत बनाउनको लागि अत्यावश्यक सेवा लगायत यातायात,  स्वास्थय उपचार, सुरक्षा अनुगमन, व्यस्त सडक मर्मत जस्ता कार्यहरुमा २४ सै घण्टा सेवा प्रवाह गरि जनसेवा प्रदान गर्ने पद्दती र संस्कार विकास गर्न सम्बन्धित पक्षसँग पहल गरिनेछ ।

बालसुरक्षा

१. घरेलु, व्यवसायिक तथा औद्योगिक गृहहरुमा गरिने बालश्रम, शोषण, दुराचार तथा दासत्वका अवशेषहरुलाई अन्त्य गरि बालशिक्षा, स्वास्थ्य, पोषण र अन्य बालअधिकार प्रत्याभूत गर्ने गराइनेछ ।

महिला

१. घरेलु हिंसा, अपहरण, बेचविखन, शारीरिक शोषण, लैङ्गिक विभेदलाई अन्त्य गर्न सामाजिक सुरक्षा र लैङ्गिकमैत्री कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।

२. महानगरका उत्पीडित, सिमान्तकृत, अल्पसंख्यक तथा अतिविपन्न वर्ग र समुदायलाई लक्ष्य गरी शहरी गरिबी न्यूनिकरण तथा रोजगारीमूलक क्षमता विकासका कार्यक्रमहरु तर्जुमा गरि लागू गरिनेछ ।

संस्थागत

१. कामपाको विद्यमान संगठन संरचनालाई दिशाकार (Right sizing) गरि सक्षम जनशक्ति परिचालन र दक्ष सेवा प्रवृत्ति प्रणालीलाई वैज्ञानिक, सवल एवं सक्रिय तुल्याइनेछ ।

२. वडा कार्यालयहरुलाई स्रोत, साधन, जनशक्ति र अधिकार अधिकतम प्रदान गरि स्थानीय सेवा प्रवाह र विकास निर्माणमा तिव्रता दिइनेछ ।

कर्मचारी

१. कामपामा कार्यरत कर्मचारीहरुलाई उत्प्रेरित, उत्पादनमूलक र जनप्रिय तुल्याउन आवश्यक प्रशिक्षण, दण्ड-पुरस्कार, अध्ययन-भ्रमण आदिको प्रबन्ध गरिनेछ ।

पदपूर्ति

१. केहि अत्यावश्यक प्राविधिक दरबन्दी सृजना गरि पदपूर्ति गरिनेछ ।

२. नगरप्रहरीहरुको दरबन्दी पुनरावलोकन गरि नियुक्ती र बढुवा प्रक्रियाबाट यथाशक्य शिघ्र पदपूर्ति गरिनेछ ।

खाद्य

१. पन्छीहरुबाट सर्ने रोगहरुको नियन्त्रण गर्न नमूना पन्छीबजार (Birds Market) निर्माण गरिनेछ ।

सुधारका लागि कार्यसूचि

१. महानगर भित्र मदिरा र धुम्रपान र नियमन

मदिरा किन्ने र बेच्चे स्थान एवं समयको नियमन गर्ने ।

१८ वर्ष मुनिका किशोर/किशोरीलाई मदिरा र धुम्रपान विक्री, खरिद र सेवन निषेध गर्ने ।

सार्वजनिक स्थलमा धुम्रपानको विज्ञापन निषेध गर्ने ।

उपरोक्त प्रावधान उल्लघंन गर्नेलाई कानुनी दायरामा ल्याई दण्ड जरिवाना गर्ने ।

२. फोहोरमैला सचेतना अभियान तथा सार्वजनिक स्थलमा प्लाष्टिक तथा फोहोरमैलाको नियन्त्रण र नियमन

फोहोरमैला सचेतना जगाउन अभियान हरेक परिवार, समुदाय, टोल, वडा स्तरमा, व्यापक, दीर्घकालिन र सघन रुपमा कार्यक्रम संचालन गर्ने ।

सचेतना अभियानमा राजनीतिक दलका कार्यकर्ता, व्यवसायी, विद्यार्थी, नागरिक समाजका अगुवा, बुद्धिजीवि, गैरसरकारी तथा स्वयमसेवी संस्था एवं सदभावनादूत (Goodwill Ambassador) लाई परिवर्तन वाहक (Change Agent) को रुपमा क्रियाशिल परिचालन (Proactive mobilization) गर्ने

देहाय बमोजिम प्लाष्टिकको झोला प्रयोगलाई हटाउँदै लैजाने

प्रथम चरणः काठमाडौं महानगरपालिका कार्यालय र अन्तर्गत कार्यालयहरु एवं परिसर

दोश्रो चरणः सार्वजनिक स्थल, पार्क, पधेरा, पर्यटकीय स्थल, मठ मन्दिर, गुम्बा, मस्जिद, बहाल, सरकारी, अर्ध सरकारी कार्यालय र तिनका परिसर

तेश्रो चरणः व्यवसायिक गृह, प्रतिष्ठान, कारोवार स्थलल, होटल, रेष्टुरा

चौथो चरणः सर्वसाधरणको निजी घर, आवासर परिसर

सार्वजनिक स्थल, यातायात, प्रतिष्ठान, कार्यालयहरुमा फोहोरको गम्भिरता, असर र प्रभाव अनुसार फोहोर व्यवस्थापन ऐन, २०६८ बमोजिम दण्ड र जरिवाना गर्ने

३. बढ्दो शहरीकरण र भवन संहिताको पालना र नियमन

भवन संहिता विपरित र नक्सा पासविना बनेका भवन, घर कानुन प्रतिकुल विपरित भई दण्डनीय हुने, साथै भुकम्प प्रतिरोधयुक्त हुनसक्ने जस्ता जोखिम बारे जनचेतना अभियान व्यापक गर्ने

कानुन विपरित बनेका भवन घरहरुको यथार्थ विद्युतीय विवरण तयार गरी सार्वजनिक गर्ने

कानुन विपरित बनेका/बन्दै गरेका वा बन्न लागेका भवन घरको सम्बन्धित व्यक्तिलाई कानुनी कारवाही बारे सचेत गराउने

बारम्बार सचेत गराई सकेपछि कानुनतः कारवाहीको दायराभित्र ल्याउने

कारवाही अन्तर्गत भवन, घर भत्काउन, सच्याउने, निर्माण रोक्ने वा जरिवाना तिराउने

४. पैदल पेटी र ट्राफिक प्रणालीको व्यवस्था, सुदृढिकरण, पार्किङको स्तरोन्नति, निर्माण, नियन्त्रण र नियमन

पैदल मार्ग सुधार र विस्तार गर्ने

पर्यटकीय मार्ग, सम्पदा मार्ग आदिको विकास र विस्तार गर्ने

ट्राफिक व्यवस्थापनलाई सुदृढ गरी नियम उल्लनघन गर्नेलाई जरिवाना गर्ने पद्दती कडाइका साथ लागू गर्ने

पार्किङ व्यवस्थालाई व्यवस्थित गरि गलत पार्किङ गर्नेलाई जरिवाना गर्ने

सडकपेटीमा हुने सबैखाले अतिक्रमण पूर्ण नियन्त्रण गर्ने

निषेधित क्षेत्रमा हुने पार्किङलाई जरिवाना लगायत अन्य कारवाहीको दायरामा ल्याउने

निर्माण सामाग्रीको अतिक्रमण पूर्ण रुपले हटाउने र अटेर गर्नेलाई जरिवाना कारवाही कडाइका साथ गर्ने

छाडा पशु सडक बाटोमा छाड्ने कार्यलाई निरुत्साही गर्दै त्यस्ता पशुहरु पकाउ गरि उपत्यका बाहिर पठाउने

## ५. यातायात, आवागमन, वायु प्रदुषण, आकाशे पुल / **Fly Over Road**, भूमिगत सडक

साँघुरा सडक मार्गलाई सकेसम्म विस्तार र फराकिलो बनाउने

सडक, गल्ली, चक्रपथमा कुनै पनि बेला यातायात अवरोध हुन नदिने

सडक, पेटी, गल्ली वा सार्वजनिक आवागमन मार्ग अवरोध गर्ने घर, टहरा निर्माण गर्ने, निर्माण कार्य गरि वाधा गर्नेलाई तत्काल कारवाही गर्ने

स्वीकृति लिई वा नलिई कुनै निर्माण उद्देश्यले बाटो, सडक, गल्ली, पेटी भत्काएको, खनेकोमा सम्बन्धित निकायबाटै बढीमा ७ दिन भित्र जस्ताकोतस्तै दुरुस्त मर्मत गर्ने गराउने

वायु प्रदुषण तथा ध्वनी प्रदुषण न्यूनिकरण गर्न मापदण्ड विपरितका सवारी साधनहरुको कडाइका साथ परीक्षण गरी नियन्त्रण गर्ने

आकाशेपुल भएका स्थानहरुमा सडक पार गर्न निषेध गर्ने, गरेमा जरिवाना तोकी कारवाही गर्ने

आकाशेमार्ग Fly over Road तथा भूमिगत सडक (Sub way) को सम्भाव्यता अध्ययन गर्ने र भावी निर्माण कार्य योजना तयार गर्ने

पैदल यात्रुलाई बाटो काट्दा आकाशे पुल र जेब्रा क्रसको मात्रको प्रयोग गर्न अभ्यास गराउने

सडक व्यापारलाई नियन्त्रण र निरुत्साही गर्ने, स्थान उपलब्ध भएसम्म सडक पेटीबाट वैकल्पिक स्थानमा व्यवस्थित ढंगले राख्ने

## ६. पार्क निर्माण, हरियाली व्यवस्थापन र शहरी सौन्दर्यीकरण

विद्यमान पार्कहरुको सुधार र स्तरोन्नति गरि संरक्षण गर्ने

तिनकुने आधुनिक स्तरीय र सुन्दर पार्क निर्माण गर्ने

अन्य सार्वजनिक र उपयुक्त खाली स्थानमा नयाँ पार्क, मनरोञ्जन स्थलको विकास, विस्तार र निर्माण गरि थप गर्ने

सडक पेटी, बाटो, पुल, खाली स्थान, चौबाटो (Island) आदिमा फुल रोप्ने, सुहाउँदो वृक्षारोपण गर्ने

खाली स्थानहरुमा बगैचा निर्माण र विकास गर्ने

निर्जन र अप्ठ्यारो स्थानहरुमा वृक्षारोपण गर्ने

## ७. रात्री व्यवसायको नियमन र नियन्त्रण

ठमेल जस्तो पर्यटकीय स्थललाई २४ सै घण्टा खुल्ला राख्ने

मसाज, डान्स, स्पा आदि नामबाट हुने अमर्यादित व्यवसायलाई पूर्ण नियन्त्रण गर्ने र कानुनको दायरामा ल्याई कर प्रणाली भित्र ल्याउने

Casino जस्ता जुवा खेललाई परदर्शी बनाई नियमन र नियन्त्रण गर्ने

## ८. नदी प्रदुषण नियन्त्रण, स्वच्छ जल प्रवाह, पानी प्रशोधन **(Water Treatment / Recycling)**

नदी र खोला वरपर फोहोर र प्रदुषण रोक्न व्यापक, सघन र प्रभावकारी जनचेतना वृद्धि गर्ने र नदी क्षेत्रमा वातावरण व्यवस्थापनलाई पबर्द्धनात्मक, निरोधात्मक तथा नियन्त्रणात्मक कार्यक्रम अगाडी बढाउने

नदी र खोलाहरुमा पठाइने ढलको निकासलाई प्रशोधन पद्दति अपनाई शुद्धिकरण गर्न योजना तुर्जमा गर्ने

बागमती र विष्णुमतिका दोभान तिर पानी प्रशोधन स्थापना गर्ने

मध्यवर्ती खोलाहरु धोवीखोल र टुकुचालाई प्रदुषणमुक्त गर्न विशेष योजना बनाई सरसफाई कार्यक्रम संचालन गर्ने

बागमती, विष्णुमति, मनोहरा, धोवीखोला लगायत नदीको सिमांकन गर्न  सम्बन्धित निकायसँग समन्वय गरिनेछ ।

नदीको उकास वा अन्य सार्वजनिक जग्गामा सुकुम्बासीको नाममा गरिएको अनधिकृत अतिक्रमणलाई पुर्णरुपमा निरुत्साही गरिनेछ ।

## ९. खानेपानीको शुद्धिकरण र आपूर्ति नियमन

उपत्यकामा पानीको समस्या हल गर्न Rainwater harvesting लाई घर घरमा प्रचारप्रसार र प्रयोग गर्ने/गराउने

भूमिगत जल सतह घटिरहेको हुँदा Boring, इनार खन्ने कार्यलाई नियमन गर्ने

पानी आपूर्ति कार्यमा निजी र गैरसरकारी क्षेत्रलाई सहभागी गराउन आकर्षित कार्य योजना बनाउने

पिउने पानी (Pipe water) को शुद्धिकरण र प्रवाहलाई समवितरण, सर्वसुलभ तथा स्वस्थ, शुद्ध बनाउने कार्यप्रणाली अपनाउन सम्बन्धित निकायलाई ध्यानाकर्षित गराउने

## १०. शहरी प्रकोप व्यवस्थापन, चुनौति, तयारी, कार्ययोजना

उपत्यकाको सम्भाव्य प्रकोपहरु-आगजनी, भुकम्प, झाडापखाला, चट्याङ, माहामारी, एड्स आदिको जोखिम सम्भाव्यता र यसको न्यूनिकरणबारे जनचेतना व्यापक वृद्धि गर्ने

प्रकोपको सम्भाव्य असर र प्रभावसँग प्रतिरक्षा गर्न महानगरपालिकाको संस्थागत क्षमता विकास गर्ने

कामपामा कार्यरत कर्मचारीहरुलाई भावी प्रकोपबारे पूर्ण सचेत, सवल र सक्षम बनाउने

कामपामा एक सक्षम र सशक्त प्रकोप व्यवस्थापन संयन्त्र स्थापना गर्ने जसले संकटकालिन अग्रिम दस्ता (Emergency Pioneer Squad) द्रूत उद्दार टोली (Rapid Rescue team) आदिको तयारी गर्नेछ

प्रकोप उद्दार तथा क्षति न्यूनिकरणका लागि उद्दार सामाग्री, भण्डारण, आपतकालिन स्थानान्तरण तथा पुर्नस्थापना बारे रणनीति तर्जुमा गर्ने

११. खाद्य प्रदुषण नियन्त्रण तथा पशु वधशाला तथा मासु जाँच ऐन, कानुन कार्यान्वयन

खाद्य प्रदुषण नियन्त्रण र पशु वधशाला तथा मासु जाँच ऐन कार्यान्वयनको जनचेतना गर्ने/गराउने

खाद्य स्वच्छता सम्बन्धमा जनचेतनामूलक कार्यक्रम बनाउने र प्रचार प्रसार गर्ने

खाद्य प्रविधि तथा गुणनियन्त्रण विभागसँग समन्वय गरी होटल, रेष्टुरा भोजनालय तथा खाजा पसलहरुको निरीक्षण तथा अनुगमन कार्यलाई प्रभावकारी रुपबाट संचालन गर्नुका साथै अस्वस्थ खाना विक्री वितरणमा नियन्त्रण गर्ने र गलत पाइएमा कारवाहीको दायरामा ल्याउने

खाद्यवस्तुहरुको नमूना संकलन गरि प्रयोगशाला परीक्षण गर्ने व्यवस्था गर्ने

मासु व्यवसायहरुलाई सहकारीमार्फत नेपाल सरकार र महानगरपालिकाको अनुदानमा वैज्ञानिक पशु वधस्थल निर्माण गरि संचालन गर्ने व्यवस्था मिलाउँदै जाने

स्वस्थ्यकर मासु उपलब्ध गराउन आधुनिक मासु पसल निर्माण गर्न सम्बन्धित व्यवसायीहरुलाई आकर्षित, व्यवस्थित र वाध्यात्मक बनाउने

विक्री पसल निर्माण गर्न मासु व्यवसायीहरुसँग सहकार्य गर्ने

मासु जाँच ऐन क्रमशः लागू गर्न भेटनरी प्राविधिक जनशक्तिको व्यवस्था गरि अन्य पूर्वाधार समेत तयार गर्दै जाने

उपरोक्त कार्यहरुको लागि कामपाले सशक्त र प्रभावकारी अनुगमन र मुल्याङ्कन पद्दती निर्माण गर्ने

१२. सार्वजनिक विज्ञापन, होर्डिङ बोर्ड, पोष्टर, भित्तेलेखन नियमन र व्यवस्थापन

सार्वजनिक स्थल, सडक,बाटो, भवन आदिमा राखिने विज्ञापन बोर्ड तथा पोष्टरको गुणस्तर, सौन्दर्य र प्रभावलाई ध्यान दिने

शहरी सौन्दर्यकरण दृष्टिगत गरि भित्तेलेखन, तुल व्यानर, पोष्टरलाई नियन्त्रण र नियमन गरि यसका लागि निश्चित स्थान तोक्ने

गैरकानूनी रुपमा राखिएको होर्डिङ बोर्ड, ब्यानरलाई कानुनी दायरमा ल्याउने

विज्ञापन, होर्डिङबाट सामाजिक वा व्यवसायिक सन्देश दिने प्रक्रियालाई कामपाले एकद्वार नीतिद्वारा व्यवस्थित गर्ने

१३. ऐतिहासिक, पुरातात्वि, साँस्कृतिक स्थल, मन्दिर, स्तुपा, गुम्बा, मस्जिद, बहाल, हिटी, पोखरी, ढुंगेधाराहरुको संरक्षण, जिर्णोद्धार र जलप्रवाहिकरण स्मारक, चोक जस्ता वैभव, धरोहर र सम्पदाको जिर्णोद्धार, व्यवस्थापन, नियमन, संचालन, आधुनिकीकरण

पुरातात्विक, साँस्कृतिक स्थल, मन्दिर, स्तुपा, गुम्ब, बहाल, पोखरीलाई स्तरोन्नती गरी पर्यटकीय स्थलको रुपमा विकास गर्ने

जीर्ण र पुराना स्मारक, मन्दिर, बहाल, भवन, धरोहर, पाटी पौवा आदि सम्पदाको वैज्ञानिक व्यवस्थापन र जिर्णोद्धार गर्ने

स्थानीय भेषभुषा, लिपी, बाजागाजा, नाचगान, जात्रापर्व, उत्सवको आयोजना गर्ने, टिकट प्रदर्शनद्वारा आर्थिक एवं पहिचानमूलक उपयोगिताको विकास र विस्तार गर्ने

सम्पदा, पर्यटन र राजश्व वृद्धिलाई आपसी परिपूरक बनाउने

१४. महानगरको स्रोत परिचालन तथा सार्वजनिक-निजी-सहकारी साझेदारी

महानगरका स्रोत, सम्पति, जमिन, नदि, पर्ती जग्गा आदिको सदुपयोग गरि अधिकतम लाभ लिन निजी क्षेत्रसँग साझेदारी गर्ने

हालको अल्पविकसित तथा अविकसित स्थानहरु बालाजु उद्यान, पुरानो बसपार्क, रत्नपार्क लगायतका अन्य खुल्ला स्थलहरुको विकास र व्यवसायीकरण गर्न निजी क्षेत्रसँग खुल्ला प्रतिस्पर्धाद्वारा व्यवसायीक साझेदारी गर्ने

उपरोक्त साझेदारी, एकल आधिपत्य, बहुपक्षीय सहकारी नीति अपनाई महानगरको राजश्व अधिकतम दरले वृद्धि गर्ने

हाल उठाउन नसकिएका राजश्व स्रोतहरु बहालकर, सवारी शुल्क, मनोरञ्जन कर आदिलाई करअसुलीको दायराभित्र ल्याउन प्रभावकारी नीति र कार्यक्रम ल्याउने

१५. स्थानीय स्वायत्त शासनको कानुनी जटिलता

स्थानीय स्वायत्त शासन ऐन, २०५५ र नियमावली २०५६ को सामुहिक सुधार, परिमार्जन, संशोधन र विकास गर्न सम्बन्धित निकायमा सिफारिस गर्ने

कामपालाई छुट्टै स्वायत्त शासन ऐन निर्माणद्वारा विशेषीकृत र अधिकारसम्पन्न बनाउने

१६. शान्त र सुरक्षित काठमाडौं

देशको राजधानी सबैभन्दा ठुलो नगर र सबै दृष्टिकोणले महत्वपूर्ण केन्द्रविन्दु भएको काठमाडौंलाई सधैको लाग शान्त र सुरक्षित गर्न देहाय बमोजिम गर्ने गराउने

शान्ति सुरक्षामा खटिएका हरेक राष्ट्रसेवक र हरेक नागरिकवीच सूचना, परामर्श र सहभागिताको उच्चतम ढाँचा (modality) मा सहकार्य सञ्जाल बनाउने

महानगरमा भित्रिएका साना हतियारहरुको सघन खोजतलास, पूर्ण नियन्त्रण र कब्जा गरि महानगरलाई पूर्ण निःशस्त्र क्षेत्रको रुपमा स्थापित गराउन सुरक्षा प्रशासनलाई सहयोग गर्ने

सबै किसिमको अपराध नियन्त्रण गर्न नगर प्रशासन र प्रहरी प्रशासनवीच निरन्तर सक्रिय समन्वय र सहकार्य गर्ने

अपराध नियन्त्रण र कानुन कार्यान्वयनमा उल्लेख्य उपलब्धिका साथ काम गर्ने स्वयम्सेवक, प्रहरी, सर्वसाधारण, कुनै पनि नागरिक वा व्यक्ति प्रोत्साहन, पुरस्कार र सम्मान गर्ने

महानगरपालिका वा अन्तर्गत कार्यालयहरुमा कुनै पनि किसिमको तालाबन्दी, थुनछेक आदिलाई निरुत्साही र शून्य सहिष्णु बनाउने

१७.उज्यालो काठमाडौं

उर्जाका अभावले सडक, गल्ली, पार्क, सम्पदास्थल, कार्यालय, निजी आवास लगायत सबै शहर नै अन्धकार हुने गरेको कटु स्थितिमा देहायको वैकल्पिक उज्यालो कार्यक्रम ल्याउने

अपार र अक्षय सौर्य उर्जा उत्पादन गरि सडकबत्तीको स्थापना गर्ने

सौर्यबत्तीको विस्तार क्रमशः प्रमुख सडकमार्गहरु, पर्यटकीय सम्पदास्थलहरु, महत्वपूर्ण कार्यालय एवं प्रतिष्ठानहरु, गल्ली, चोक, मन्दिर, बहाल, चक्रपथ वरपर व्यवस्था गर्ने

उपरोक्त वैकल्पिक उर्जा कार्यक्रमका लागि निजी क्षेत्र र कामपाको साझेदारी, मित्रराष्ट्र, वाह्य दातृ निकायबाट लगानी, प्रविधि र प्रबर्द्धनको लागि कुटनैतिक प्रयास गर्ने